# बेनी नगरपालिकाको आ.ब.२०७८/०७९ को सेवा र कार्यका लागि स्थानीय संचित कोषबाट केहि रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको बिनियोजन बिधेयक२०७८

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनीम्यागदी ,
२०७८

**बेनी नगरपालिकाको विनियोजन ऐन, २०७८**

बेनी नगरपालिकाको आर्थिक बर्ष २०७८/७९ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केहि रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः बेनी नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केहि रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वान्छनीय भएकाले नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम बेनी नगरपालिकाको नगरसभा बाट पारित भइ यो ऐन लागु गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम बेनी नगरपालिकाको विनियोजन ऐन २०७८ रहेको छ ।

(१) यो ऐन २०७८ साल श्रावण १ गतेदेखि लागु हुनेछ ।

२. आर्थिक वर्ष २०७८/०७९ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः

(१) आर्थिक बर्ष २०७८/०७९ को निमित्त नगरपालिका वडा समिति बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूचि (१) मा उल्लेखित चालु खर्च पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरि जम्मा रु ६६ करोड ५ लाख ६७ हजार मात्र मा नबढाइ निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. विनियोजनः

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक बर्ष २०७८/०७९ को निमित्त नगरपालिका वडा समिति विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त विनियोजन गरिने छ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगरपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा वचत हुने र कूनैमा अपुग हुने देखिन आएमा नगरपालिकाले वचत हुने शीर्षकबाट अपुग हुने शीर्षकमा

रकम सार्न सक्नेछ ।यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरि कुनै एक वा एक भन्दा बढि शीर्षकबाट अर्को एक वा एक भन्दा शीर्षकमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिने छ ।पूँजिगत खर्च र वित्तिय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानि खर्च र व्याज भूक्तानि खर्च शीर्षकमा वाहेक अन्य चालु खर्च शीर्षक तर्फ सार्न र वित्तिय व्यवस्था अन्तर्गत साँवा भूक्तानि खर्च तर्फ विनियोजित रकम व्याज भूक्तानि खर्च शीर्षकमा वाहेक अन्यत्र सार्न सकिने छैन ।तर चालु तथा पूँजिगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक श्रोतबाट अर्को श्रोतमा रकम सार्न सकिने छ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढि शीर्षकमा रकम सार्न परेमा नगरसभाको स्वीकृत लिनुपर्नेछ ।

## अनुसूची-१
## (दफा २ सँग सम्वन्धित )
## नेपालको संविधान, २०७२ को धारा २२९ (२) वमोजिम

| क्र.सं. | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | जम्मा |
|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ |
| २ | आन्तरिक आय | | ४१,२००,०००.०० | ४१,२००,०००.०० |
| ३ | वित्तिय समानीकरण अनुदान संघिय सरकार | | १२८,०००,०००.०० | १२८,०००,०००.०० |
| ४ | वित्तिय समानिकरण अनुदान प्रदेश सरकार | | १५,०७६,०००.०० | १५,०७६,०००.०० |
| ५ | राजश्व बाँडफाँड प्रदेश सरकार | १४,०९७,०००.०० | ८०९,०००.०० | १४,९०६,०००.०० |
| ६ | राजश्व बांडफाड संघिय सरकार | ८०,८८५,०००.०० | - | ८०,८८५,०००.०० |
| ७ | गत आ.व.को अ.ल्या. | २०,०००,०००.०० | - | २०,०००,०००.०० |
| ८ | विशेष अनुदान पुँजिगत संघिय सरकार | | २६,१००,०००.०० | २६,१००,०००.०० |
| ९ | समपुरक अनुदान पुँजिगत संघिय सरकार | | ११,५००,०००.०० | ११,५००,०००.०० |
| १० | शसर्त अनुदान संघिय सरकार | ३१२,९००,०००.०० | | ३१२,९००,०००.०० |
| ११ | शसर्त अनुदान प्रदेश सरकार | | - | - |
| १२ | समपुरक अनुदान प्रदेश सरकार | | ५,०००,०००.०० | ५,०००,०००.०० |
| १३ | बिषेश अनुदान प्रदेश सरकार | | ५,०००,०००.०० | ५,०००,०००.०० |
| | **जम्मा** | ४२७,८८२,०००.०० | २३२,६८५,०००.०० | ६६०,५६७,०००.०० |

| आर्थिक बर्ष २०७७/७८ को लागि प्रस्तावित बार्षिक बजेट | | | | | |
|---|---|---|---|---|---|
| सि.नं. | आम्दानी शीर्षक | रकम | सि.नं. | खर्च शीर्षक | रकम रु |
| १ | आन्तरिक आय | ४१,२००,०००।०० | १ | **आन्तरिक आय तर्फको** | **४१,२००,०००।००** |
| | | | १ | पुंजीगत खर्च | ४१,२००,०००।०० |
| २ | वित्तिय समानीकरण अनुदान संघिय सरकार | १२८,०००,०००।०० | २ | **वित्तिय समानीकरण अनुदान संघिय सरकार** | **१२८,०००,०००।००** |
| | | | २.१ | पुंजीगत खर्च | १२८,०००,०००।०० |
| ३ | वित्तिय समानीकरण अनुदान प्रदेश | १५,०७६,०००।०० | ३ | **वित्तिय समानीकरण अनुदान प्रदेश सरकार** | **१५,०७६,०००।००** |
| | | | ३ | पुंजीगत खर्च | १५,०७६,०००।०० |
| ४ | राजश्व बाँडफाँड प्रदेश सरकार | १४,९०६,०००।०० | ४ | **राजश्व बाँडफाँड प्रदेश सरकार** | **१४,९०६,०००।००** |
| | | | ४ | चालु खर्च | १४,९०६,०००।०० |
| ५ | राजश्व बाँडफाँड संघिय सरकार | ८०,८८५,०००।०० | ५ | **राजश्व बाँडफाँड संघिय सरकार** | **८०,८८५,०००।००** |
| | | | ५ | चालु खर्च | ८०,८८५,०००।०० |
| ६ | गत वर्षको अल्या | २०,०००,०००।०० | ६ | **गत वर्षको अल्या** | **२०,०००,०००।००** |
| ७ | विशेष अनुदान पुँजिगत संघिय सरकार | २६,१००,०००।०० | ७ | **विशेष अनुदान पुँजिगत संघिय सरकार** | २६,१००,०००।०० |
| | | | ७ | पुंजीगत खर्च | २६,१००,०००।०० |
| ८ | समपुरक अनुदान पुँजिगत संघयि सरकार | ११,५००,०००।०० | ८ | **समपुरक अनुदान पुँजिगत संघयि सरकार** | ११,५००,०००।०० |
| | | | ८ | पुंजीगत खर्च | ११,५००,०००।०० |
| ९ | शसर्त अनुदान संघिय सरकार | ३१२,९००,०००।०० | ९ | **शसर्त अनुदान संघिय सरकार** | ३१२,९००,०००।०० |
| | | | ९ | चालु खर्च | ३१२,९००,०००।०० |
| १० | समपुरक अनुदान प्रदेश सरकार | ५,०००,०००।०० | १० | **समपुरक अनुदान प्रदेश सरकार** | **५,०००,०००।००** |
| | | | | पुंजीगत खर्च | **५,०००,०००।००** |
| | विशेष अनुदान प्रदेश सरकार | ५,०००,०००।०० | ११ | **विशेष अनुदान प्रदेश सरकार** | **५,०००,०००।००** |
| | | ६६०,५६७,०००.०० | ११ | पुंजीगत खर्च | ५,०००,०००।०० |
| | **जम्मा** | **६६०,५६७,०००।००** | | **जम्मा** | **६६०,५६७,०००।००** |